# कर्णाली प्रदेश सरकार

## वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सरकार गठन भएको दोस्रो वर्षको अवसरमा प्रकाशित

# संक्षिप्त वार्षिक प्रगति विवरण

## (२०७५/११/३ देखि २०७६/११/२सम्म)

# मेरो भन्नु

"समृद्ध कर्णालीः सुखारी कर्णालीबासी बनाउने सरकारको दीर्घकालिन सोचलाई सार्थक तुल्याउन सामाजिक न्याय सहितको आर्थिक समृद्धि, पूर्वाधार विकास र सुशासनका आधार तयार गर्न अध्ययन अनुसन्धान, कानून तर्जुमा, आवधिक योजना निर्माण तथा कार्यान्वयनको शुरुवात गर्ने गरी दोस्रो वर्षमा विभिन्न गतिविधि तथा क्रियाकलापहरु अगाडि बढाईएको छ।

प्रदेश सरकार प्रति जनताको बढी हुनु स्वभाविक नै हो। कानूनी, संस्थागत र कार्यगत बन्दोबस्ती पूर्वतयारीमा तीनै तहका सरकारहरू बिच समन्वय, सहकार्य तथा समान गतिमा अगाडि बढ्नु पर्ने संवैधानिक व्यवस्था र संघीय शासन व्यवस्थाको कार्यान्वयन मुलुकमा एउटा नौलो अभ्यास भएकोले यसकालागि प्रशासनिक संयन्त्रको पुनःसंरचना, प्रयाप्त र सक्षम जनशक्ति पूर्तिमा भएका प्राविधिक ढिलाईले सरकारका कार्यक्रमहरुलाई अपेक्षाकृत गतिमा अगाडि बढाउन सकिएको छैन।

बिकट भौगोलिक बनावट, श्रोत साधनको न्यूनता, सामाजिक विभेद र वञ्चितिकरणको, सामाजिक आर्थिक भौतिक पूर्वाधार र औद्योगिक वावतावरणको कमजोर अवस्था, व्यवसायिक वातावरणको अभाव रहेको प्रदेश जहाँ निर्वाहमुखी र परम्परागत कृषि प्रणाली, उत्पादनसँग नजोडिएको श्रमशक्ति जस्ता चुनौतीहरुसँग अझै पनि जुध्नु परिरहेको यथार्थता अनुभुत नै छ।

कर्मचारी समायोजनबाट यस प्रदेशका अत्यन्त न्यून जनशक्ति मात्रै पूर्तिहुनु जसमा पनि प्राविधिक धारका जनशक्तिहरु अत्यन्त न्यून रहेको हुँदा विकास योजना तर्फको बजेट तथा कार्यक्रम कार्यान्वयनमा अपेक्षा गरे अनुरुपका कार्यहरु अपेक्षा अनुरुप अगाडि बढाउन सकिएन।

उल्लिखित समस्या तथा चुनौतीहरूको सामना गर्न प्रदेशको आवश्यकता र विशिष्टता अनुरूपको सङ्गठन संरचना र दरबन्दी स्विकृत गरी कार्यालय तथा पद दर्ता समेत सम्पन्न गरी सबै कार्यालयहरू स्थापना भएका छन्। प्राविधिक जनशक्तिको तत्काल व्यवस्थापन गर्न इन्जिनियरिङ्ग, स्वास्थ्य सेवा, वन तथा वातावरण, कृषि तथा पशुसेवा तर्फका रिक्त दरवन्दीहरूमा सेवा करार मार्फत पदपुर्ती गरी बजेट तथा कार्यक्रम कार्यान्वयनलाई गति दिइएको छ। आवश्यक ऐन कानून, नीति नियम, कार्यविधी, निर्देशिका र मापदण्ड निर्माण गरी वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयनको प्रकृया प्रणालीगत व्यवस्था स्थापित गर्दै लगिएको छ।

कर्णालीको आर्थिक विकास र समृद्धिका लागि प्रदेश सरकारको लगानी मात्रै पर्याप्त नहुने विषयमा हामी स्पष्ट छौं। यसर्थ निजी लगानीकर्ता एवं विकास साझेदारहरुको लगानी भित्र्याउन आवश्यक सहजिकरण तर्फ हाम्रा क्रियाकलापहरु निर्देशित छन्। जमुनाहा-हिल्सा द्रुतमार्ग निर्माणकालागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको छ। यसमा ठुलो लागत वित्तीय स्रोत आवश्यक पर्ने हुँदा स्रोत व्यवस्थापनकालागि नेपाल सरकारसँग अनुरोध गरिसकिएको छ। यसैगरी राजधानी शहर वीरेन्द्रनगरको चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन भइरहेको छ। प्रदेश भित्रका ठूला आयोजनाहरुको संभाव्यता अध्ययन र विस्तृत परियोजनना प्रतिवेदन तयारीकालागि विदेशी निर्माण कम्पनीहरुलाई नपाल सरकारमार्फत अनुरोध गरिएको छ।

यो प्रदेश विकासको मोडेल अन्य प्रदेशको भन्दा फरक हुन आवश्यक छ। वकासको यो नयाँ मोडेललाई तय गर्न  कर्णाली विज्ञ समूह तथा विभिन्न सरोकारवाला निकाय, अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरू मार्फत रचनात्मक सुझाव, सल्लाह तथा परामर्श प्राप्त भईरहेको छ। प्रदेश योजना आयोगले यो समग्र बहस समेतका आधारमा प्रदेशको प्रथम पञ्चवर्षीय योजना तयार गरिरहेको छ।

आवधिक योजना र मध्यकालीन खर्च संरचनाको जगमा बसेर वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने व्यस्थित प्रणाली अवलम्बन गर्ने गरी निर्देशिका तथा कार्यविधीहरू तयार भएका छन्। विकास योजना र कार्यक्रमहरुलाई व्यक्तिको पहुँचको आधारमा बजेटमा समावेश गर्ने र बिना कुनै अध्ययन खर्च गर्ने हाम्रो बजेट प्रणालीको आम चरित्रबाट माथि उठ्न परियोजना बैङ्क मार्फत काम गर्ने सरकारको तयारीमा सबैको सहयोग र समर्था आवश्यक छ।

अन्तर प्रदेश परिषदका बैठकहरुमा प्रदेशको मुद्दा उठाउँदा कर्णालीलाई फरक दृष्टिकोणले हेर्नु पर्छ भन्ने मान्यता स्थापित भएको छ। यस्तै प्रदेश समन्वय परिषद्को दोस्रो बैठकबाट कर्णालीको विकास र समृद्धिका लागि प्रदेश र स्थानीय सरकारका बीच आपसी समन्वय सहकार्यका २१ बुँदा तय गरी कार्यान्वयनमा लगिएको छ।  कर्णाली प्रदेश विकास परिषद्का  पहिलो बैठकले प्रदेशको प्रथम पञ्च वर्षीय योजनाको आधारपत्रलाई अन्तमरुप दिएकोछ।

सरकार गठन भएर २ वर्ष पुरा भएको यस अवसरमा सरकारले सम्पादन गरेका मुख्य-मुख्य काम कार्यहरुको संक्षिप्त यसै पुस्तिकामा संग्रहित छन्। शून्यताको स्थितिबाट प्रदेश सरकारलाई यस स्थितिमा ल्याईपुऱ्याउन नीतिगत, संस्थागत, व्यवहारगतर कार्यगत रूपमा प्रत्यक्ष परोक्ष रुपमा साथ, सहयोग र अमुल्य राय परामर्श प्रदान गर्नुहुने सम्पूर्ण प्रदेश सभा सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, विज्ञ समूह, आमसञ्चार, सरोकारवाला सम्बद्ध सबैमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै भविष्यमा अझ रचनात्मक सुझाव, सल्लाह र सहकार्यको अपेक्षा गर्दछु।

(महेन्द्रबहादुर शाही)
मुख्यमन्त्री

## क. मन्त्रिपरिषद् बैठक तथा कानून निर्माणः

१. प्रदेश मन्त्रिपरिषद् गठन भएको दोस्रो वर्ष अर्थात बि.स.२०७५ फागुन देखि हालसम्म प्रदेशका विभिन्न आवश्यकताहरूको संवोधन गर्न २५ पटक मन्त्रिपरिषद् बैठक सम्पन्न भएको छ। साथै मन्त्रिपरिषद्का विषयगत समितिका बैठकहरू समेत आवश्यकता अनुसार सम्पन् भएका छन्।

२. प्रदेश सरकारको संवैधानिक तथा कानूनी कार्य जिम्मेवारी सम्पादन गर्न यो अवधिमा विभिन्न विषयका ११ वटा विधेयकहरू पारित भई माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएका छन्।

३. हालसम्म ९ वटा विभिन्न विधेयकहरू प्रदेश सभामा पेस गर्न स्वीकृति र ३० वटा विभिन्न विषयमा विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गरिएको छ। एउटा विधेयक प्रशासन तथा विधेयक समितिमा छलफलमा रहेको छ। *(विस्तृत विवरण अनुसूची १मा)*

४. यस अवधिमा प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन साथै अन्य कार्यहरू सञ्चालनका लागि विभिन्न विषयगत मन्त्रालयहरुको समेत गरी प्रदेश मन्त्रिपरिषद्बाट २२ वटा नीति/नियमावली/कार्यविधि/मापदण्ड/आचारसंहिता तथा निर्देशिकाहरू स्वीकृत भई कार्यान्वयनमा रहेका छन्।

## ख. सँगठन संरचना तथा जनशक्ति व्यवस्थापनः

१. जिल्लास्तर समेतबाट प्रदेश सरकारको सेवा प्रवाह गरी सेवालाई प्रभावकारी र जनमैत्री बनाउने उद्देश्यले नयाँसँगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको छ। अस्पताल र विशिष्ट विषयगत संरचना बाहेक हरेक मन्त्रालयको जिल्ला सदरमुकाममा कम्तीमा १ कार्यालय रहने गरी सेवा प्रवाहको व्यवस्था मिलाइएको छ।

२. प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय र मातहत १५९ वटासँगठन संरचना र कूल २५५५ दरबन्दी स्वीकृत भएको र प्रदेश निजामती किताबखाना स्थापना नभए सम्मका लागि पद तथा दरबन्दी दर्ताको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरिएकोमा सो मन्त्रालयबाट निर्णय भई निजामती किताबखानामा दर्ता प्रकृयामा रहेको छ। जसमा हाल १४७२ पदपूर्ति र १२१३ दरबन्दी रिक्त अवस्थामा रहेको छ। *(विस्तृत विवरण अनुसूचीमा २मा)*

३. प्राविधिक जनशक्तिको अभावलाई केही हदसम्म पूर्ति गर्नका लागि सेवा करारमा जनशक्ति प्राप्ति गर्ने कार्यविधि तयार गरी इन्जिनियरिङ्ग सेवा, स्वास्थ्य सेवा, नेपाल वन सेवा र कृषि तथा पशुसेवा तर्फका प्राविधिक पदमा सेवा करारबाट जनशक्ति प्राप्ति गरी कार्य अगाडि बढाइएको छ।

४. कर्णाली प्रदेशमा कर्मचारीहरूको आकर्षण बढाउन र टिकाइराख्न सुगम र दुर्गमताको आधारमा जिल्लागत रूपमा विशेष प्रोत्साहन भत्ता उपलब्ध गराएको छ।यसबाट रिक्त पदपूर्ति तथा कार्य उत्प्रेरणा वृद्धि भई कार्यप्रभावकारिता बढ्ने अपेक्षा गरिएको छ।

५. मानव विकास सूचकाङ्क न्यून रहेका जिल्लाहरूमा सामाजिक, सांस्कृतिक, भौतिक विकासमा सहयोग पुऱ्याउन स्वयंसेवक परिचालन गरिएको छ।

## ग. नीति तथा कार्यक्रम र वार्षिक बजेटः

१. आ.व.०७६/०७७ को नीति तथा कार्यक्रम र वार्षिक बजेट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। प्रथम पञ्चवर्षीय आवधिक योजनाको आधारपत्र तयारी अन्तिम चरणमा पुगेको छ। यो योजनाको आधारपत्र प्रदेशको व्यवस्थित र दूरगामी विकासमा कोसेढुङ्गा सावित हुने विश्वास सरकारले लिएको छ।

२. स्थानीय तहहरूमा राजश्व बाँडफाँट र विभिन्न अनुदान रकम अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश वित्तीय हस्तान्तरण तथा अनुदान सम्बन्धी कानून/कार्यविधि बमोजिम समयमा नै प्रवाह गरिएको छ।

३. प्रदेशस्थित स्थानीय तहको सडक, सिंचाइ, उर्जा, खानेपानी जस्ता पूर्वाधारको विकास गर्न समपूरक अनुदान मार्फत रू. १ अर्बका आयोजना तथा कार्यक्रमहरु छनौट गरी कार्यान्वयनको चरणमा रहेको छ।

४. चालू आ.व.को बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी मिति २०७६ मंसिरमा सम्पन्न भएको छ। २०७६ माघ मसान्तसम्मको कूल खर्च २ अर्ब ५६ करोड २८ लाख ४ हजार खर्च भएको छ। जसमध्ये चालू खर्च १ अर्ब ६१ करोड ४८ लाख ९१ हजार र पूँजीगत खर्च ९४ करोड ७९ लाख १३ हजार रहेको छ ।

५. चालू आ.व. २०७६/७७ मा समानीकरण अनुदान रु. ८० करोड, समपूरक अनुदान रु. १ अर्ब, विशेष अनुदान रु. ३० करोड र सशर्त अनुदान रु. ५० करोड गरी २ अर्ब ६० करोडका योजना तथा कार्यक्रमहरु वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहहरुमा हस्तान्तरण गरिएको छ।

६. मिति २०७६ माघ १० गते कर्णाली विकास परिषद्को प्रथम बैठक प्रदेश राजधानी सुर्खेतमा सम्पन्न भएको छ। प्रदेश र स्थानीय तहले प्रभावकारी योजना निर्माण, विकास गतिविधि सञ्चालन तथा लाभ वितरणमा कसरी समन्वय, सहकार्य र प्रभावकारिता ल्याउने भन्ने विषयमा घनीभूत छलफल भएको छ। यसै अवसरमा प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको लागि समेत महत्वपूर्ण सुझाव प्राप्त हुनका साथै योजनाको स्थानीय तहसम्म आन्तरिकीकरण भएको छ।

७. वित्तीय हस्तान्तरण सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरु समेत उल्लेख गरी संघीय सरकार तथा स्थानीय तहहरूसँग औपचारिक तथा अनौपचारिक संवाद गरिएको छ।

## घ. उद्योग, पर्यटन तथा वन वातावरणः

१. पर्यटन क्षेत्रको प्रभावकारी विकास, पर्यटन पूर्वाधारहरूको विकास, पर्यटकीय महत्व बोकेका पुरातात्विक सम्पदा संरक्षण तथा सम्वर्द्धन गर्न तथा पर्यटन सम्बद्ध सरकारी

गैह्रसरकारी तथा निजीक्षेत्रका सरोकारवालाहरूसँग प्रभावकारी समन्वय, सहकार्य मार्फत कर्णाली पर्यटन विकास गरी स्थानीय स्तरमा रोजगारी सृजना, आयआर्जन वृद्धिका साथै प्रदेशको राजस्वमा समेत योगदान बढाउने व्यवस्थित योजना तथा कार्यका लागि प्रदेश पर्यटन बोर्ड गठन गरिएको छ।

२. १० वर्षे पर्यटन गुरुयोजना तयार गरिएको छ। यस गुरूयोजनाले कर्णालीको पर्यटन क्षेत्र तथा पर्यटन पूर्वाधारहरूको निर्माण, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाउने विश्वास लिइएको छ।

३. नेपाल भ्रमण वर्ष २०२० शुभारम्भ कार्यक्रम सम्पन्न गरी "यसपाली, घुमौं कर्णाली" भन्ने नाराका साथ पर्यटन प्रवर्द्धन तथा प्रचार-प्रसार गर्ने कार्य अगाडि बढाइएको छ। कर्णालीको पर्यटन प्रवर्द्धनमा सहयोगी हुने गरी प्रदेशको पर्यटन लोगो समेत तयार गरी प्रयोगमा ल्याइएको छ।

४. बुलबुले गुरुयोजना बमोजिम बुलबुले ताल विस्तार, संरक्षण तथा उद्यान निर्माण कार्य द्रुत गतिमा भइरहेको छ। काक्रेविहार धार्मिक वन क्षेत्र, देउती बज्यैं, तथा रत्न राजमार्गको फोरलेन सडक डिभाइडरमा तारबार सहितको वृक्षारोपण गरी हरियाली प्रवर्द्धनका कार्य भइरहेको छ।

५. प्रदेश भित्र घरेलु तथा साना उद्योगहरू ३३९७, लघु उद्योग ४२६, वाणिज्य (व्यवसाय) १९६५ गरी जम्मा ५७८८ वटा उद्यम तथा व्यवसाय मार्फत आ.व. २०७५/०७६ मा रु.३,८७,८८,२०७ राजस्व संकलन भएको छ।

६. आ.व. २०७५/०७६ मा ३६३७७८ क्यु.फिट. काठ, २४३७४ चट्टा दाउरा र १२९५००० गोटा बिरुवा उत्पादन गरी ८४.६ हे. क्षेत्रफलमा वृक्षारोपणका साथै ४.५३ हे. वन क्षेत्र अतिक्रमण नियन्त्रण गरिएको छ।

७. आ.व. २०७५/०७६ मा वन व्यवस्थापनबाट जम्मा रु.१५१२६२६८२ राजस्व संकलन भएको छ।

८. कर्णालीका हिमाली जिल्लाहरूमा सुर्खेत देखि सिधा हवाई सेवा संचालन भएको र हुम्ला र डोल्पा जिल्लाका जेष्ठ नागरिक तथा पूर्णरुपमा अपाङ्ग भएका नागरिकहरुलाई हवाई यात्रामा अनुदान सहुलियत प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

९. सुर्खेत बीमानस्थलको विस्तार तथा स्तरोन्नतीको लागि नेपाल सरकारसँग अनुरोध गरिएको छ।

१०. राष्ट्रिय निकुञ्ज भित्र पर्ने रारा ताल वरिपरि साइकल लेन तथा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज भित्र पर्ने शे-फोक्सुण्डो ताल वरिपरि पदमार्ग निर्माणका लागि नेपाल सरकारबाट स्वीकृति प्राप्त भई विस्तृत सर्भे तथा DPR तयारी कार्य भइरहेको छ।

## ङ. पूर्वाधार निर्माण तथा विकासः

१. प्रदेशको सम्बृद्धिका लागि जमुनाह-कोहलपुर- हिल्सा सडक चिनिया कम्पनी(China Railway Eryuan Engineering)बाट (DPR) विस्तृत परियोजना प्रतिवेदन तयार भई प्रदेश सरकारलाई प्राप्त भएको छ। प्रदेशको रणनीतिक महत्वको उक्त सडक निर्माणका लागि ठुलो रकम आवश्यक भएको हुँदा निर्माण प्रकृया अगाडि बढाइदिन नेपाल सरकारलाई अनुरोध गरिएको छ। उक्त सडक निर्माणका लागि दातृ राष्ट्रहरूसँग लगानी सहयोगका लागि प्रयास भइरहेको छ।

२. सुर्खेत उपत्यकाको चक्रपथ निर्माणकालागि चिनिया टोलिबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण कार्य भइरहेको छ।

३. सुर्खेत जिल्लामा हालसम्म जम्मा २ कि.मी. सडक कालोपत्रे, ४२.५ कि.मी. सडक ग्राभेल र ७२ कि.मी. कच्ची सडक सम्पन्न भएको र बाँकी निर्माणाधीन अवस्थामा रहेको छ।

४. नेवारे खोला, साँधी खोला, मुरली खोला लगायतका स्थानमा मोटरेवल पुलतर्फ ८ वटा पुल निर्माणको चरणमा रहेको छन्।

५. सुर्खेत, सल्यान, दैलेख, लगायतका प्रदेशका १० वटै जिल्लाका विभिन्न स्थानमा सिँचाई तर्फ करिब १००० हेक्टर जमिनमा थप सिँचाई सुविधा उपलब्ध भएको छ।

६. नदी नियन्त्रण तथा तटबन्धतर्फका १०० वटा योजनाहरूमध्ये ५० वटा योजनाहरुको सर्वेक्षण कार्य सम्पन्न भएको छ। सिंचाइतर्फका १२० योजनाहरूमध्ये ८० वटा, खानेपानीतर्फका १४९ वटा योजनाहरूमध्ये १०० वटा योजनाहरूको सर्वेक्षण कार्य सम्पन्न भएको छ।

७. खानेपानी तर्फ कर्णाली प्रदेशका १० वटै जिल्लाका क्रमागत तथा नँया खानेपानी आयोजनाहरुको निर्माण कार्य भइरहेको छ।सुर्खेत उपत्यकामा खानेपानी सुविधा पुऱ्याउन विस्तृत सर्वेक्षण कार्य भइरहेको छ।

८. प्रदेश सरकारको सबै मन्त्रालयहरू एकै स्थानमा रहने गरी प्रदेश सरकारको केन्द्रीय सचिवालय भवनको DPR तयार गरी निर्माणका लागि कोष तथा लेखा नियन्त्रकको कार्यालयको उत्तर तर्फको करिब २ बिगाह जग्गा प्राप्तिको लागि संघीय शहरी विकास मन्त्रालयमा अनुरोध गरिएको छ। प्रदेश सरकारका संयन्त्रहरुले उपयोग गरिरहेका सबै संरचनाहरूको स्वामित्व प्रदेश सरकारमा हस्तान्तरणको व्यवस्था हुन समेत नेपाल सरकारसँग अनुरोध गरिएको छ।

## च. राहत/उद्दार तथा सामाजिक विकासः

१. कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ र विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत भई विपद् व्यवस्थापन तथा विपद् पीडित पुनर्स्थापनामा कार्यहरू प्रभावकारी रूपले अगाडि बढाउन कानूनी आधार निर्माण भएको छ।
२. १७ लाख ७० हजार घरपरिवारको सामुहिक विपद् जोखिम वीमा गरिएको छ।
३. विपद्जन्य घटना तथा दुर्घटनामा परी मृत्यु भएका एवं अङ्गभङ्ग भएका व्यक्तिहरूका लागि संघीय सरकार एवं सुरक्षा निकायसँग समन्वय गरी हवाई तथा स्थल उद्दारको कार्य गरिएको छ।
४. क्रियाशील पत्रकारहरुको सुरक्षाको प्रत्याभूतिको लागि स्थापित पत्रकार बीमा कार्यक्रमलाई निरन्तरता दिइएको छ।
५. ७० बर्षमाथिका जेष्ठ नागरिकलाई प्रदेश अन्तरगतका सबै सरकारी अस्पतालमा सबै खालका स्वास्थ्य सेवाहरू निःशुल्क हुने व्यवस्थालाई निरन्तरता दिइएको छ।
६. कारागारका कैदीहरुलाई सीप विकास तालिम संचालन गर्न तालिम पहिचान भएका सम्बन्धित जिल्ला कारागारबाट कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका र आर्थिक कार्यविधि ऐन, नियम बमोजिम तालिम संचालन भइरहेको छ।
७. सडकमा आश्रित रहनुपर्ने तथा जीवन निर्वाहका लागि मागेर खानुपर्ने स्थितिको अन्त्यका लागि २०७६ माघ ४ मा सहयोगापेक्षी सडकमानव रहित कर्णाली प्रदेशको घोषणा कार्यक्रम सम्पन्न भएको छ।
८. वीरेन्द्रनगर नगरपालिका र मानव सेवा आश्रमसँगको सहकार्यमा सुर्खेतमा सडक आश्रित सहयोगापेक्षीहरूको पुनर्स्थापना गर्ने व्यवस्था मिलाइएको छ। सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश निर्माणमा प्रदेशका सबै स्थानीय तहहरुबाट प्रतिवद्धता व्यक्त भएको छ।
९. बालबिवाह, छोरीहरुप्रति हुने विभेदको अन्त्य र छोरीहरुको लालनपालमा सहयोग पुऱ्याउने उद्धेश्यले कर्णाली प्रदेश सरकारले २०७६ साउन १ गतेबाट लागु गरेको बैंकखाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रम १ पुष २०७६ मा कालिकोटको खाँडाचक्र नगरपालिकाबाट शुभारम्भ भएको छ।
१०. स्थानीय तहहरूसँगको सहकार्यमा सञ्चालन हुने यस कार्यक्रमबाट माध्यमिक शिक्षा पुरा गर्ने र २० बर्ष सम्म विवाह नगर्ने छोरीहरूको लागि प्रदेश सरकारका तर्फबाट मासिक ५०० रूपैया खातामा जम्मा गरिदिन प्रबन्ध मिलाइएको छ।
११. लैंगिक हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि ६ जिल्लामा सेफहाउस स्थापना र सञ्चालन गरिएको छ।
१२. प्रदेश स्तरमा वृद्धाश्रम सञ्चालन, व्यवस्थापन सहयोग र ४ जिल्लामा वृद्ध दिवासेवा केन्द्र सञ्चालनमा ल्याइएको छ।
१३. राउटे समुदायको सामाजिकीकरणका विभिन्न प्रयासहरू भईरहेका छन्।
१४. सुरक्षित आप्रवासन परामर्श तथा सहायता कक्षको निरन्तरताका साथै दलित, अपांग तथा विपन्न वर्गलाई सीपमूलक तालिम तथा सीपजन्य सामग्री वितरण गरिएको छ।

## छ. आन्तरिक मामिला तथा क्षमता विकासः

१. मिति २०७६ माघ १० र ११ गते गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा कर्णाली प्रदेश शान्ति सुरक्षा गोष्ठी सम्पन्न भएको छ। गोष्ठीमा प्रदेश स्थित सुरक्षा प्रमुखहरू, १० वटै जिल्लामा प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा प्रमुखहरूको सहभागिता रहेको छ।

२. सुरक्षा गोष्ठिमा प्रदेशको सुरक्षा अवस्था, चुनौती र प्रतिकार्य रणनीतिहरूको समीक्षाका साथै विकास निर्माण र सेवा प्रवाहमा सुरक्षा व्यवस्थापन सम्बन्धमा छलफल भएको छ।

३. नेपाल टेलिभिजन र रेडियो नेपालसँग प्रदेश गतिविधि तथा समाचार प्रसारण सम्बन्धी सम्झौता गरी रेडियो नेपालबाट कर्णाली दर्पण र नेपाल टेलिभिजनबाट कर्णाली प्रदेश डायरी कार्यक्रम संचालनमा आएको छ।

४. स्थानीय तहको न्यायिक समितिसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्नुका साथै लागु औषध दुर्व्यसन, वालविवाह, वोक्सी र महिला हिंसा सम्बन्धी विभिन्न ४ वटा कार्यक्रम संचालन गरिएको छ।

५. सञ्चारकर्मीसँग प्रदेश शान्ति सुव्यवस्था, प्रदेश तथा संघीय कानून कार्यान्वयन र सञ्चार माध्यमको प्रभावकारिता सम्बन्धमा छलफल गरिएको छ।

६. कानून सम्बन्धी विद्यालय, विश्वविद्यालय तथा प्रध्यापकहरूसँग प्रदेश कानून निर्माण, कार्यान्वयन तथा प्रदेश शान्ति सुरक्षाका सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ।

७. प्रदेश भित्रका १४ वटा प्रहरी ईकाइहरुको भवन निर्माण कार्य भइरहेको छ।

८. विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम ४ वटा र विपद् सम्बन्धी सचेतनामूलक कार्यक्रम ४ वटा संचालनमा आएको छ।

## ज. सुशासन तथा प्रदेश राजपत्र प्रकाशन

१. प्रदेश सरकार र जनताबीच प्रत्यक्ष सम्पर्क र जीवन्त सम्बन्ध स्थापित गर्न "हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कार्यक्रम"लाई परिमार्जन सहित निरन्तरता दिइएको छ। ०१ भाद्र २०७६ मा कालिकोटको खाँडाचक्र नगरपालिका र ०१ फागुन २०७६ मा सल्यानको वनगाड कुपिण्डे गाँउपालिकामा माननीय मुख्यमन्त्रीज्यूबाट जनतासँग प्रत्यक्ष सम्वाद तथा गुनासो सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।

२. निशुल्क हटलाईन सेवा(१०९६)मार्फत प्रदेशभित्रका जनगुनासा तथा जनताका राय सल्लाह सुझावहरू संकलन तथा फछ्र्यौटका कार्यहरू भइरहेको छ।

३. कर्णाली प्रदेश वेब पोर्टल karnali.gov.np निर्माण गर्नुका साथै सबै मन्त्रालयहरूको आ-आफ्नो वेबसाईट निर्माण गरी वेबसाइट मार्फत प्रदेश सरकारका कामकारबाही, सूचना तथा गतिविधिहरु नियमित रूपमा सम्प्रेषण गर्ने गरिएको छ।
४. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाटै राजपत्र प्रकाशन तथा वितरण हुने प्रवन्धलाई निरन्तरता दिइएको छ। यस अवधिमा कर्णाली पर्यटन वोर्ड (गठन) आदेश, २०७६, कर्णाली प्रदेश सहकारी ऐन २०७५, कर्णाली प्रदेश प्रसारण ऐन, २०७५, कर्णाली प्रदेश विनियोजन ऐन २०७६ (संशोधन) गरी ४ वटा कानून राजपत्रमा प्रकाशन गरिएको छ।

## झ. शिक्षा तथा खेलकुदः

१. ३५० भन्दा बढी विद्यालयहरूको भवन निर्माण तथा भौतिक पूर्वाधार सुधारको कार्य अगाडि बढेको छ।
२. छोरी बुहारी, प्राविधिक उच्चशिक्षा, जेहेन्दार उच्चशिक्षा, दलित उच्चशिक्षा, अपांग उच्चशिक्षा, प्रदेश स्थापना शहिद उच्चशिक्षा तथा डोम, मुसहर, चमार छात्रबृत्तिको व्यवस्थापन र कार्यान्वयन निरन्तरता दिइएको छ।
३. १३ औं दक्षिण एशियाली खेलकुदमा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने कर्णाली प्रदेशका ६ जना खेलाडीहरूलाइ सम्मान तथा प्रोत्साहन गरिएको छ।
४. मुख्यमन्त्री कप खेलकुद प्रतियोगिता आयोजाको तयारी अन्तिम चरणमा पुगेको छ।

## ञ. स्वास्थ्यः

१. प्रदेश स्वास्थ्य नीति, २०७६ तर्जुमा गरी कार्यान्वयन आएको छ।
२. प्रदेश अस्पतालमा ३०० शैयाको लागि पूर्वाधार विकास, जिल्ला स्तरका अस्पतालहरूमा ५० शैयाको लागि भौतिक व्यवस्था हुनेगरी स्रोतसाधनको व्यवस्थापनको कार्य भइरहेको छ।
३. कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। यस कार्यक्रमबाट सुनौला हजार दिनमा आमा र शिशुको स्वास्थ्य तथा पोषणमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ।
४. प्रदेश भित्र ४६ वटा सामुदायिक स्वास्थ्य एकाईहरूको स्थापना र सञ्चालन गरिएको छ। ७९ वटै स्थानीय तह र २५० भन्दा बढी स्वास्थ्य संस्थाबाट अनलाइन स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा आवद्धता गराई अस्पतालहरूमा विद्युतीय अभिलेख प्रणालीको शुरूवात गर्ने प्रकृया शुरू भएको छ।
५. प्रदेशमा विशेषज्ञ चिकित्सकहरुको रिक्ततालाई पूर्ति गर्न तथा कर्णालीमा टिकाई राख्न विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउनका साथै महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाइ प्रभावकारी बनाउन थप प्रोत्साहनको व्यवस्था मिलाइएको छ।

६. प्रदेश आयुर्वेद औषधालयमा रूरल फार्मेसीको स्थापना गरी २८ प्रकारका आयुर्वेदिक औषधिहरूको उत्पादन शुरू गर्नुका साथै स्वास्थ्य शिविरहरूको सञ्चालन गरिएको छ।

७. स्वास्थ्य सेवाको कम पहुँच भएका दुर्गम स्थानहरूमा २०१ सामुदायिक नर्स परिचालन गरिएको छ। रिक्त चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको पदपूर्तिका लागि सेवा कारर प्रकृया अन्तिम चरणमा रहेको छ।

८. एच.आइ.भि. संक्रमितहरूलाई शिक्षामा सहयोग साथै क्यान्सर रोग पीडितहरूको लागि प्रेषण खर्च व्यवस्थापन गरिएको छ।

## ट. भूमि व्यवस्था, कृषि तथा सहकारीः

१. **"अर्गानिक खेतीमा वृद्धि, कर्णालीको समृद्धि"** भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बाली तथा पशुपक्षी र जलचरको उचित संरक्षण र प्रवर्द्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि कर्णाली अर्गानिक कृषि विशेष कार्यक्रम कार्यान्वयन गर्न १० वटै जिल्लाका १/१ वटा पालिकामा अर्गानिक कृषि मोडल कार्यक्रम संचालन गरिएको छ।

२. **समृद्ध कर्णालीका लागि सहकारी अभियान** अन्तर्गत सहकारीलाई समृद्ध कर्णाली र समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गर्न १० वटै जिल्लाका १/१ वटा पालिकामा सहकारी नमुना गाउँ स्थापना कार्यक्रम संचालन गरिएको छ।

३. प्रदेशको २४ वटा निर्वाचन क्षेत्रमा रहेका अति विपन्न र दलित वर्गहरुको उत्थानका लागि ४० वटै प्रदेश सभा सदस्यहरुको संयोजकत्वमा आ-आफ्नो निर्वाचन क्षेत्रमा दलित, अति विपन्न तथा लक्षित बर्ष विशेष एकिकृत नमुना अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम यस आर्थिक बर्ष देखि संचालनमा ल्याइएको छ।

४. कृषि पूर्वाधार, सुनिश्चित बजार कार्यक्रमको लागि कृषि सडक, कृषि, सिंचाइ, कृषि उपज सङ्कलन केन्द्र, हाटबजार, सेलार तथा रष्टिक स्टोर र सहकारी भवन निर्माण कार्यलाई तिव्रता दिइएको छ।

५. साथै आ.व. २०७५/०७६ मा ९७ वटा कृषि सिंचाइ, ८९ वटा कृषि सडक, १० वटा कृषि उपज सङ्कलन केन्द्र/हाटबजार निर्माण गरिएको छ।

६. चालू आ.व. मा २५४ वटा सिंचाइ आयोजनाहरुमा बजेट बाँडफाँट गरी जिल्लास्थित कार्यालयहरुमा पठाइएकोमा हाल ८०% सिंचाइ आयोजनाहरुको सम्झौता भई निर्माण चरणमा रहेका, र त्यसै गरी निर्वाचन क्षेत्र अनुसार १५० वटा कृषि सडक निर्माण मध्ये ७०% कृषि सडकहरुको सम्झौता भई निर्माण चरणमा रहेका छन्।

७. अर्गानिक कृषि अनुसन्धानलाई मुर्तरुप दिनको लागि नेपाल कृषि अनुसन्धान परिषद्सँग पाँच वर्षका लागि समझदारी पत्रमा हस्ताक्षर गरी कृषि अनुसन्धान केन्द्र

दशरथपुरमा उच्च प्रविधियुक्त हाईटेक नर्सरीको माध्यमबाट अर्गानिक कृषि अनुसन्धानलाई अगाडि बढाउने व्यवस्था गरिएको छ।

८. अति विपन्न गरिब किसानहरुको आयआर्जन वृद्धि गर्नको लागि १० वटै जिल्लाको सबैभन्दा गरिब पालिकाको गरिब वस्ती/क्षेत्रमा छनौट गरी किसान सरकार हातेमालो कार्यक्रम संचालन गरिएको छ।

९. पकेट क्षेत्रको विस्तार र प्रवर्द्धन गरी कृषि तथा पशुपंक्षीको क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि कृषि तर्फ ५२ वटा र पशुपंक्षी तर्फ ४५ वटा पकेट क्षेत्र विशेष कार्यक्रम संचालन गरिएको छ।

१०.कर्णाली प्रदेशका १० वटै जिल्लाहरुमा कृषि तथा पशुपंक्षीसँग सम्बन्धित बाली वस्तुहरुको स्रोतकेन्द्र स्थापना, पकेट क्षेत्र निर्धारण र उत्पादित वस्तुहरुको बजारीकरणका लागि सम्भाव्यता अध्ययन गर्नको लागि कृषि तथा वन विज्ञान विश्व विद्यालयसँग र प्रदेशमा निर्माण गर्न सकिने कृषि सडक र कृषि सिंचाइको सम्भावना अध्ययनका लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालयसँग MOU सम्पन्न भएको छ।

११.यस प्रदेश भित्र विभिन्न बाली बस्तुहरुमा आधारित उद्योग धन्दा स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन एवं बाहिर निकासी हुने र हुन सक्ने बाली वस्तुहरुको व्यवसायिक योजना निर्माणका लागि कृषि उद्यम केन्द्रसँग समेत MOU गरी अध्ययन कार्य प्रकृया अघि बढाइएको छ।

१२.सुर्खेतमा बन्द प्रकृतिको कृषि प्रदर्शनी स्थल निर्माणका लागि डिपिआरको प्रकृया अघि बढाइएको, सल्यानको कपुरकोटमा विषादी द्रुत परीक्षण प्रयोगशाला निर्माण गर्नको लागि आफै भवन निर्माण गरिसकिएको र विषादी जाँच गर्ने मेसिन खरिदका लागि टेण्डर आव्हान गरिसकिएको छ। साथै हर्रेमा घर भाडामा लिई कार्यसञ्चालन गर्ने प्रकृयामा रहेको छ।

## ठ. समन्वय तथा सहकार्यः

१. अन्तर प्रदेश परिषद्, राष्ट्रिय विकास समस्या सामाधान समिति तथा अन्तर सरकारी वित्त परिषद्को बैठकमा कर्णाली प्रदेशबाट माननीय मुख्यमन्त्री र माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको सहभागिता रहेको छ। कर्णालीको विकास र समृद्धिका लागि नेपाल सरकारसँगका अपेक्षाहरू लिखित रूपमा पेस गरिएको छ।

२. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०५ बमोजिमको कर्णाली प्रदेश समन्वय परिषद्को दोस्रो बैठक २०७६ पुस १० र ११ गते वीरेन्द्रनगरमा सम्पन्न भएको छ। कर्णालीको विकास र समृद्धिका लागि प्रदेश र स्थानीय सरकारका बीच आपसी समन्वय सहकार्यका विभिन्न २१ निर्णयहरू भएका छन्। *(निर्णयहरु अनुसूची-३मा)*

३. कर्णाली प्रदेश विकास परिषद्को प्रथम बैठक माघ १० गते आयोजना भई स्थानीय तह र प्रदेश सरकारबीच कर्णालीको पूर्वाधार विकास, योजना कार्यान्वयन लगायतका विषयमा छलफल सम्पन्न भएको छ।

४. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम PLGSP अन्तरगत आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा विभिन्न स्थानीय तहका प्रमुखहरू लगाएतको १५ सदस्यीय प्रदेश समन्वय समिति गठन भई समितिको प्रथम बैठक सम्पन्न भएको छ।

# अनुसूची-१

## <u>मिति २०७५/११/३ देखि २०७६/११/०२ सम्म कानून निर्माणको अवस्थाः</u>

### क. प्रदेश सभाबाट स्वीकृत भएका (प्रमाणीकरण भएका) ऐनहरू

| ऐन नं | विषय |
|---|---|
| १ | कर्णाली प्रदेश सहकारी ऐन, २०७५ |
| २ | कर्णाली प्रदेश प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३ | प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४ | कर्णाली प्रदेश ऋण उठाउने ऐन, २०७६ |
| ५ | कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ |
| ६ | कर्णाली प्रदेश आर्थिक ऐन, २०७६ |
| ७ | कर्णाली प्रदेश स्वयंसेवक परिचालन ऐन, २०७६ |
| ८ | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ |
| ९ | कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ |
| १० | कर्णाली प्रेदश सुशासन ऐन, २०७६ |
| ११ | कर्णाली प्रेदश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६ |

### ख. मस्यौदा तयार गर्न मन्त्रिपरिषद्ले सैद्धान्तिक स्वीकृति दिएका विषयहरू

| क्र.स | विषय |
|---|---|
| १. | जलस्रोत उपयोग विधेयक, २०७५ |
| २. | प्रदेश सडक बोर्ड विधेयक, २०७५ |
| ३. | प्रादेशिक पर्यटन विधेयक, २०७५ |
| ४. | प्रदेश उद्योग विधेयक, २०७५ |
| ५. | प्रदेश वन विधेयक, २०७५ |
| ६. | प्रादेशिक जग्गा प्रशासन (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०७५ |
| ७. | लागु औषध नियन्त्रण सम्बन्धी विधेयक, २०७५ |
| ८. | कर्णाली प्रदेश कानून आयोग गठन सम्बन्धी विधेयक, २०७५ |
| ९. | कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ |
| १०. | प्रदेश सार्वजनिक सडकको व्यवस्था तथा संचालन विधेयक, २०७५ |

| | |
|---|---|
| ११. | प्रदेश विद्युत शक्तिको विकास, उत्पादन, वितरण र व्यवस्थापन सम्बन्धी विधेयक, २०७५ |
| १२. | प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी विधेयक, २०७५ |
| १३. | कर्णाली प्रदेश सुचनाको हक सम्बन्धी विधेयक, २०७५ |
| १४. | कर्णाली प्रदेश प्रहरी सम्बन्धी विधेयक, २०७५ |
| १५. | सार्वजनिक खरिद विधेयक, २०७५ |
| १६. | प्रदेश शिक्षा विधेयक, २०७५ |
| १७. | कर्णाली प्रदेश मुद्रण सम्बन्धी विधेयक, २०७५ |
| १८. | प्रदेश अनुसन्धान ब्यूरो सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| १९. | कर्णाली प्रदेश विकास प्राधिकरण विधेयक, २०७५ |
| २०. | कर्णाली प्रदेश सार्वजनिक सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ |
| २१. | कर्णाली प्रदेश बहुवर्षीय आयोजना सञ्चालन सम्बन्धी निर्देशिका |
| २२. | कर्णाली प्रदेश सार्वजनिक निजी साझेदार सम्बन्धी विधेयक, २०७५ |
| २३. | कृषि तथा पशुपक्षीजन्य व्यवसाय प्रवर्द्धन विधेयक, २०७६ |
| २४. | आम सञ्चार तथा सूचना प्रविधि सम्बन्धी विधेयक |
| २५. | रसायन तथा रसायनिक विषादी नियन्त्रण विधेयक, २०७६ |
| २६. | पशु बधशाला तथा मासु जाँच विधेयक, २०७६ |
| २७. | माटो तथा मल व्यवस्थापन विधेयक, २०७६ |
| २८. | कर्णाली प्रदेश जलचर संरक्षण सम्बन्धी विधेयक |
| २९. | कर्णाली प्रदेश खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धी विधेयक |
| ३०. | कर्णाली प्रदेश वाणिज्य सम्बन्धी विधेयक |

## ग. मन्त्रिपरिषद्ले स्वीकृत गरेका नीति/नियमावली/मापदण्ड/कार्यविधि/निर्देशिका/गठन आदेशहरू

| क्र.स | विषय | विषयगत मन्त्रालय |
|---|---|---|
| १. | प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | कर्णाली प्रदेश योजना तर्जुमा मार्ग दर्शन, २०७५ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४. | कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ५. | कर्णाली प्रदेश बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६. | प्राईभेट फर्म नवीकरण सम्बन्धी निर्देशिका, २०७५ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ७. | विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ८. | कर्णाली प्रदेश विशेष परियोजना अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ९. | कर्णाली प्रदेश सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७६ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १०. | द्वन्द्व पीडित राहत वितरण कार्यविधि, २०७६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ११. | कर्णाली प्रदेश पर्यटन बोर्ड (गठन) आदेश, २०७६ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| १२. | विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ स्वीकृति | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १३. | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि,२०७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १४. | कर्णाली प्रदेश स्वास्थ्य नीति, २०७६ | सामाजिक विकास मन्त्रालय |
| १५. | बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि ,२०७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १६. | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका ,२०७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १७. | श्रमदिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १८. | कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| | | |
|---|---|---|
| | व्यवस्थापन नियमावली, २०७६ | |
| १९. | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २०. | कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २१. | कानूनी सहायता सम्बन्धी कार्यविधि, २०७६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| २२. | विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

## अनुसूची-२

## जनशक्तिको व्यवस्था

### मन्त्रालय/निकाय बमोजिम पदपूर्तिको अवस्था

| मन्त्रालय/कार्यालय | कुल दरबन्दि | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३६२ | २२७ | १३५ | |
| सामाजिक विकास मन्त्रालय | १०७० | ४६१ | ६०९ | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३८ | २७ | ११ | |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५३ | २२६ | १२७ | ४३ सेवा करार |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४९५ | ४२५ | २०० | ११० वन रक्षक फाजिल |
| प्रदेश सभा सचिवालय | ३४ | १९ | १५ | |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १० | १० | ० | |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६३ | ४६ | १७ | ५ कामकाज, ११ सेवा करार, २ अतिरिक्त |
| कर्णाली प्रदेश योजना आयोग | १४ | १ | १३ | |
| प्रदेश लोक सेवा आयोग | २५ | ० | २५ | |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ९१ | ३० | ६१ | १३ जना सेवा करार, कामकाज ६ |
| | २५५५ | १४७२ | १२१३ | |

# अनुसूची-३
## प्रदेश समन्वय परिषद्को दोस्रो बैठकका निर्णयहरूः
## (१०-११ पुस, २०७६)

१. परिषद्को पहिलो बैठकमा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्नबाँकी विषयहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने।

२. प्रदेश र स्थानीय तहबीच कानुन तर्जुमा, योजना निर्माण, राजस्व सङ्कलन लगायतका विषयमा समन्वय गर्न परिषद्को सम्पर्क विन्दु परिषदको सदस्य सचिवरहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पर्क ईकाइ रहने। नीतिगत लगायतका विविध विषयमा स्थानीय तहले प्रदेश सरकारसँग र प्रदेश सरकारले स्थानीय तहसँग यसै ईकाई मार्फत सम्पर्क कायम गर्ने।

३. मध्यमकालिन खर्च संरचना र आ-आफ्नो तहको आवधिक योजना र प्रोफाइल समन्वयात्मक रुपमा तयार गरी कार्य गर्ने र यसलाई प्रदेश सरकारमा समेत पठाउने। यो योजना निर्माण गर्दा दीर्घकालीन सोच सहित तयार भएको पन्ध्रौं योजनाले निर्धारण गरेको राष्ट्रिय सोच, लक्ष्य र उद्धेश्यसँग तादाम्यता कायम गर्ने।

४. राजस्व सङ्कलन र बजेट खर्चको विषयमा स्थापित विधिलाई पालन गर्ने। बाँडफाँट गर्नुपर्ने राजस्व अनिवार्य रुपमा विभाज्य कोषमा राख्ने व्यवस्था मिलाई तोकिए बमोजिम बाँडफाँट गर्ने। कार्य सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहले पारित गरेका ऐन कानुनहरुको र अन्य संवैधानिक निकायहरुबाट प्राप्त निर्देशनहरुको पालनामा संवेदनशील रहने।

५. प्रदेश सरकारले पारित गरेका नीति कार्यक्रम तथा बजेट अन्य महत्वपूर्ण नीति निर्णयका विषयहरु जिल्ला समन्वय समिति र स्थानीय तहमा पठाउने तथा स्थानीय तहका नीति कार्यक्रम तथा बजेट लगायतका विषयहरु नियमित रुपमा प्रदेश सरकार र जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने।

६. प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका लागि स्थानीय तहबाट योजना निर्माणका चरणहरु पुरा गरी तयार भएका

योजनाहरुलाई समावेश गर्न एक आपसमा अन्तरक्रिया र छलफललाई सघन पारिने।

७. प्रदेश सरकारका र स्थानीय तहले आ-आफ्नो तहमा संचालनमा रहेका सबै योजना तथा कार्यक्रमको अनुगमनमा जिल्ला समन्वय समितिलाई समावेश गर्ने व्यवस्था मिलाउने।

८. सूचना तथा तथ्याङ्कको सङ्कलन तथा उपयोगमा एकरुपताकालागि स्थानीय तह र प्रदेश सरकारले संयुक्त रुपमा काम गर्न मिल्ने प्रकृतिको सफ्टवेयर प्रदेश सरकारले विकास गरी प्रयोगमा ल्याउने।

९. प्रदेशमा शान्ति सुरक्षाको सम्बन्धमा प्रदेश सरकारले नेपाल सरकारसँग उचित समन्वय गरी सुधार गर्न तत्काल पहल गर्ने।

१०. भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण पदाधिकारीहरुले आ–आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने भएकोले यो विषयलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने।

११. नेपाल भ्रमण वर्ष, २०२० लाई भव्य रुपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रमा प्राथमिकताकासाथ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

१२. बालबालिका, महिला, दलित, जनजाती, अल्पसंख्यक, घाइते, अपाङ्गता भएका व्यक्ति, अतिविपन्न, जोखिममा रहेका एवं पछि परेका वर्ग र समुदायको उत्थान र विकासमा प्रदेश सरकार तथा स्थानीय तहले अनुभूत हुने गरी प्रभावकारी कार्यक्रमहरु प्राथमिकताकासाथ सञ्चालन गर्ने।

१३. आ-आफ्नो कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरुमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम सहजीकरण गर्ने।

१४. एक वर्ष भित्र प्रदेशलाई साक्षर प्रदेश बनाउनुपर्ने भएकोले यसलाई उच्च प्राथमिकतामा राखी प्रदेश र स्थानीय तहले समन्वयात्मक ढङ्गले काम गरी प्रदेशलाई साक्षर तुल्याउने।

१५. स्थानीय तहले सम्पादन गर्नुपर्ने न्यायिक विषयमा सहजीकरण गर्न प्रत्येक स्थानीय तहलाई आवश्यकता अनुसार कानुनी सहायता उपलब्ध गराउन प्रदेश सरकारले शिघ्र निर्णय गर्ने।

१६. सबै प्रकारका सामाजिक कुरीति तथा विसङ्गतीहरुको न्यूनीकरण गर्नको लागि प्रदेश सरकार र स्थानीय तहहरुले सघनरुपमा कार्यक्रमहरु सञ्चालन गर्ने।

१७. कर्णाली प्रदेशलाई दुई वर्ष भित्र अर्ग्यानिक प्रदेश बनाउने तर्फ प्रदेश सरकार एवं स्थानीय तहहरुले आफ्ना कार्यक्रमहरु केन्द्रीत गर्ने।

१८. वर्तमान शिक्षा प्रणालीलाई व्यवहारिक एवं जीवनोपयोगी बनाउन नयाँ पाठ्यक्रम निर्माण गरी लागु गर्ने। प्रारम्भिक बाल विकास र बालबालिकाको शिक्षादीक्षामा विशेष जोड दिने।

१९. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै सामाजिक सुरक्षा सहितको श्रम सहकारी र श्रम कार्यदलबाट श्रम क्षेत्रमा जनशक्तिलाई आकर्षित गरी साना सार्वजनिक निर्माण र उत्पादन कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने।

२०. दैनिक कार्य सञ्चालनमा सुशासनका विषयहरुलाई संवेदनशील रुपमा ग्रहण गरी आम नागरिकले प्राप्त गर्ने सेवालाई प्रभावकारी बनाउन अधिकतम प्रयास गर्ने।

२१. दिगो विकासका १७ वटै लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय तहमा विषयगत समितिहरु निर्माणगरी विषयलाई आन्तरिकीकरण गर्दै कार्यान्वयनलाई अगाडि बढाउने।